# राक्सिराङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
(सूचना शाखा)

अध्यक्षः-९८५५०७७६०१
प्र.प्र.अ:-९८५५०८८८६६
www.raksirangmun.gov.np
info@raksirangmun.gov.np
raksirang.rmc@gmail.com


प.सं.- ०८०/०८१ च.नं.- बागमती प्रदेश, नेपाल

मितिः२०८०/१२/२२
ने.स ११४४ चिल्लागा १० विहिबार

## चटयाङ्ग निरोधक यन्त्र (Lightning Arrester and Earthing Device) जडानको लागि निवेदन दिने सम्बन्धी सूचना

यस गाउँपालिकाको लागि आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसार चटयाङ्ग जस्तो प्राकृतिक विपदबाट हुन सक्ने क्षति न्यूनिकरण गर्ने उद्देश्यले सञ्चालन हुन गैरहेको अनुदानमा चटयाङ्ग निरोधक यन्त्र जडान कार्यक्रममा सहभागी हुन गाउँपालिकाभित्र बसोबास गर्ने ईच्छुक लाभग्राहीहरुले तपसीलमा उल्लेखित कागजात सहित गाउँ कार्यपालिकाको कार्यलयमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यस सूचना प्रकाशित गरिएको छ।

लागत सहभागिता प्रतियन्त्र

गाउँपालिका : रु ५,०००
लाभग्राही : रु ७,०००
जम्मा : रु १२,०००

कार्यक्रम कार्यन्वयनसँग सम्बन्धित शर्तहरु :

- प्रस्त माग विवेदन, सम्बन्धीत शीर्षकमा विनियोजित बजेट र चटयाङ्गजन्य जोखिमको क्षेत्रको आधारमा गाउँपालिकाको छनैट समितिले लाभग्राही छनैट गर्नेछ।
- छनैट भएका लाभग्राहीहरुले लागत सहभागिता वापतको रकम जम्मा गरिसकेपश्चात आपूर्तीकर्ता कम्पनीले यन्त्र जडान गर्ने छ।
- कार्यक्रममा सहभागी हुने लाभग्राहीहरुको १ वर्षको लागि प्रतिव्यक्ति रु.१,००,००० बराबरको प्राकृतिक प्रकोप जन्य दूर्घटना बीमा गरिनेछ।
- यन्त्र जडानपश्चात १० वर्षसम्मको मर्मत सम्भार आपूर्तीकर्ता कम्पनीले व्यहोर्नेछ।

निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरु :

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -१
- पारिवारिक विवरण खुल्ने गरी वडाको सिफारिस -१
- निवेदन -१

सम्पर्क व्यक्ति : सिङ्गराम मुक्तान (९८४५६३८०२७)

०८०/१२/२२
गोविन्द अधिकारी
शाखा अधिकृत